'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : ६९ मंगलवार २० कार्तिक, २०८१ 05 (Tuesday) November 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### सहकारी ठगीको जालो प्रमुख दलहरु सम्म
## काँग्रेस एमालेका नेता बचाउन रवीलाई सहकारी महाठग बनाउने प्रपञ्च

नमस्ते समचारदाता
काठमाडौं, कार्तिक/१९



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्व गृहमन्त्री रवी लामिछाने दुई हप्ता देखि सहकारी ठगी प्रकरणको अभियोजनमा प्रहरी हिरासतमा छन् । काँग्रेस एमालेका कतिपय नेताहरु विशेषतः काँग्रेसका सभापति शेर बहादुर देउवा आफ्नी श्रीमति आरजु देउवा बचाउन र प्रधानमन्त्री के.पी.शर्मा ओली एमालेका केही नेताहरु सहकारी ठगी गरेका मुद्दाबाट बनाउन यति बेला राज्यसत्ताको चरमदुरुपयोग गरिरहेका तथ्यहरु विस्तारै सार्वजनिक हुँदैछन्। सहकारी ठगी प्रकरणमा सबै भन्दा धेरै संसदमा उफ्रिएका नेपाली काँग्रेसका सांसदहरु नै थिए। संसदमा प्रचण्ड नेतृत्वको सरकारमा नेकपा एमाले समेत सहभागी थियो । नेपाली काँग्रेसका उपसभापति एवं काँग्रेस सांसद धनराज गुरुङले संसदमा एक दिन के.पी शर्मा ओलीलाई झण्डै हातपात नै गरेका थिए । एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले नछेकेका भए सायद ती गुरुङले सांसदले ओलीलाई हातपमत नै गर्थे होला । भ्रष्टाचारीहरुलाई कारबाही गर्दै गर्दा बेचन झा र प्रतिक थापाको पक्राउ सँगै प्रचण्ड सरकार ढाल्न ओली र देउवा नै रातारात मिले । उनीहरुलाई कुनै विचौलियाले आफ्नै घरमा बोलाएर रातारात कहिलै नमिल्ने दलहरुलाई मिलेर सरकार बनाउने सहमति गराइदियो । सहमतिको बाहिरी नारा थियो, "विकास र सुशासनका लागि स्थिर सरकार, स्थिर सरकारका लागि संविधान संशोधन।" भित्र धेरै कुरा लुकाउनु थियो । विशेष गरेर भ्रष्टाचारका मुद्दाहरु नै थिए । नभन्दै ओली सरकार बनेपछि भ्रष्टाचारका मुद्दा गुमनाम छन् । काँग्रेसको इज्जत बचाइदिन सहकारी ठगीको दोष रवी लामिछानेको टाउकोमा थुपार्नै पर्ने थियो । गोरखा मिडिया नेटवर्क र जिबी राई रवीलाई प्रहरी हिरासत सम्म पुऱ्याउने माध्यम मात्र हुन । सहकारी ठगीको प्रकरणमा जिबी राईको कनेक्शन कहाँ सम्म छ र उनको नाममा सहकारीका रकम को को नेताहरुले खाएका छन् भन्ने विषयले पनि विस्तारै नयाँ नयाँ खुलासाहरु हुँदै छन् । जिबीराईलाई मलेसियाबाट भारतको स्थलमार्ग हुँदै हेटौडाको एक काँग्रेस नेताको घरमा गत भदौमै ल्याई पुऱ्याएर फेरि भारत तिर फर्काइएको भरखरै खुलासा भएको छ । पक्राउ गर्नु पर्ने जिबी राईलाई काँग्रेस नेताको घरमा केही दिन राखेर किन फेरि भारत तिरै फर्काइयो र कसको निर्देशनमा फर्काइयो यो गम्भिर विषय हो । जिबी राई नेपाल आउन चाहेको र सबै विषयको बारे जे तथ्य हो त्यो भन्न चाहेको तर त्यसको लागि आफूलाई सुरक्षाको ग्यारण्टी हुनु पर्ने जिबी राई निकटको श्रोतले भनेको विषय पनि सार्वजनिक भएका छन् ।

बाँकी ३ पेजमा...

## दुर्घटनामा एकको मृत्यु, घाइते अस्पतालबाटै गायब

नमस्ते समचारदाता
बाँके, कार्तिक/१९




आइतबार राति भएको दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने एक जना गम्भिर घाइते भएका छन् । नेपालगञ्ज ४ बसपार्क बाइपास रोड मानसरोवर दोहोरी साँझ नजिक दुई मोटर साइकल एक आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको हो । नेपालगञ्ज उपमहानगरपालिका ६ डेरा गरी बस्ने २६ वर्षीय अमनकुमार कसौंधन (गुप्ता) को मृत्यु भएको छ भने नेपालगञ्ज ११ बस्ने १८ वर्षीय एहसान शेख गम्भीर घाइते भएका छन् । घाइते शेखको उपचार नेपालगञ्ज स्थित भेरी अस्पतालमा भैरहेकै अवस्थामा घाइते शेष भेरी अस्पतालबाट सम्पर्क विहीन भएपछि मृतकका आफन्त र स्थानीयले तत्काल शेषलाई पक्राउ गर्न माग राख्दै टायर बालेर सडक अवरुद्ध गरेका हुन् । घाइते शेष भेरी अस्पताल पुगेका थिए । चिकित्सकले सिटी स्क्यान गर्न पठाएका थिए । सिटी स्क्यान गर्न बाहिर निस्केका शेष सम्पर्क विहीन भएका हुन । केहीले उनी भारतमा उपचार गर्न गएको बताएका छन् । बाँके प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले शेषलाई खोजेर ल्याउने प्रतिबद्धता गरेपछि टायर बाल्न बन्द गरिएको थियो । पीडित पक्षले शेषलाई नल्याउँदासम्म आन्दोलन जारी रहने बताएका छन् । प्रहरीका अनुसार नेपालगञ्ज उपमहानगर पालिका ४ बाइपासबाट गणेशपुर तर्फ जाँदै गरेको भे ६ प ८०२ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आएको ज ३ प ७१७१ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएका थिए । सो दुर्घटनामा दुवै मोटर साइकल चालक घाइते भएका थिए । गम्भीर घाइते भएको र उपचारका लागि नर्सिङ होम नेपालगञ्ज बाँकेमा ल्याइएकोमा चिकित्सकले कसौधनलाई आइतबार राति मृत घोषणा गरेका थिए । त्यसै गरी गम्भीर घाइते शेखको मुख, आँखा र शरीरमा भित्री चोट लागेकाले थप उपचारका लागि भारतको लखनउ लगिएको परिवारको भनाइ उद्धृत गर्दै प्रहरीले जनाएको छ ।

## देउसीभैलोबाट संकलित रकम सामाजिक कार्यमा लगाउने

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/१९




हुम्ली एकता समाज बाँके २०८१ को तिहारको अवसरमा खेलिएको देउसीभैलो कार्यक्रम बाट संकलन भएको रकम समाजिक कार्यमा लगाउने जनाएको छ । संकलित रकमबाट हुम्ली एकता समाज बाँकेलाई दर्ता गराउँदा लाग्ने दस्तुरमा खर्च गरेर बाँकी रकम हुम्लीहरु कै दुख, पीडा र कष्टमा परेकालाई आवश्यकता अनुसार सहयोग गरिने हुम्ली एकता समाजका सचिव अमर सिंह महताराले जानकारी गराए। हुम्ली एकता समाजको देउसीभैलो कार्यक्रममा विशेष गरी देउडा खेल खेलिएको थियो। सो कार्यक्रममा चर्चित देउडा खेलाडी चक्र मल्ल, त्यस्तै पदम मल्ल, पिउली सुनार लगायतका देउडा खेलाडीले देउडा खेल मार्फत देउडा पारखीलाई रमाईलो प्रस्तुती प्रदर्शन गरेका थिए । "सामुहिक जमघट हाम्रो आवश्यकता, बाँकेमा हुम्लीहरुको एकता र साँस्कृतिक संरक्षणको सुनिश्चितता" भन्ने मुल नाराका साथ बाँकेमा हुम्ली एकता समाजले पहिलो पटक देउसीभैलो कार्यक्रमको आयोजना गरेको हो । सामाजिक कार्यका लागि यो देउसी भैलो कार्यक्रम गरिएको हुम्ली एकता समाज बाँकेले जानकारी दिएको छ । देउसी भैलोमा देउडा सांस्कृतीलाई संरक्षण गर्ने, यस्को प्रचार प्रसार गर्ने तथा नयाँ पुस्तामा कर्णालीको देउडा सांस्कृतिलाई पहिचान तथा हस्तान्तरण समेत गराउने उघेश्यले देउडाको माध्येमबाट कर्णालीका मौलिक गीत गाएर देउसीभैलो खेलिएको हुम्ली एकता समाज बाँकेले जनाएको हो । हुम्ली एकता समाज बाँकेले हुम्लाबाट बाँकेमा आई बसोवास गरिरहेका हुम्लीहरुका घर-घरमा पुगी देउसीभैलो खेलिएको हुम्ली एकता समाजका सचिब तथा देउसीभैलो कार्यक्रमका संयोजक अमरसिंह महताराले जानकारी गराए ।

बाँकी ३ पेजमा...


नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## तिहारको देउसीभैलो

हाम्रा नेपाली चाडपर्वहरु कुनै न कुनै रुपमा हाम्रा पूर्वजहरुले नेपाली परम्परा तथा लोक सांस्कृतिक विशेषता सहितका बनाए र चलाए । ती परम्पराहरु आजका दिनसम्म पनि निरन्तर चलिरहेकै छन्। यस्ता सांस्कृतिक पर्वहरुले नेपाली परम्परालाई धानिराख्ने र बचाइराख्ने मात्र होइनन्। तिनीहरुको निरन्तरताले परिवार, समाज र सिङगो राष्ट्रलाई नै एकताको सुत्रमा बाँध्ने र मेलमिलाप गराइराख्ने काम गरेका छन् । दशैले विशेष गरी घरपरिवार तथा आफन्तहरुको मेल गराउँछ भने तिहारमा खेलिने देउसीभैलो कार्यक्रमले गाउँघरमा सबै मानिसहरु तथा साथी सङगीहरुलाई संगै हुने र रमाउने वातावरण बनाउँछ । तर आज भोलीका नवयुवाहरुमा देउसी भैलो हाम्रा परम्परा र सांस्कृतिक मूल्य मान्यताहरुको जगेर्ना गर्ने भन्दा पनि अधिकांश अति विकृत र विरंगतीपूर्ण दिशातिर जाँदैछ कि भन्ने देखिने खालका हुँदै गइरहेका छन् । ती देउसीभैलोहरु सांस्कृति र परम्परागत मूल्य मान्यताहरुलाई संरक्षण गर्ने भन्दा पनि पैसा कमाउने र मोजमस्ती रमाइलो गर्ने मा मात्र केन्द्रीत हुँदै गएका हुन कि भन्ने देखिन्छ। त्यस्ता कार्यक्रमहरुमा आफ्नै मौलिकता भन्दा बढी बनिबनाउ एवं रेकर्डेड भाका, शैली, गीत, आशिष तथा प्रदर्शनहरु बढ्दै गइरहेको पाइन्छ। यस्ता क्रियापलापहरुले नेपाली परम्परा र सास्कृतिक पहिचानलाई लोप गराउँछन्। यस प्रति युवा पुस्ता सम्वेदनशील र सजक हुनु पर्दछ। नेपाली सास्कृतिक विश्वमै एउटा मौलिक र विशिष्ठ प्रकृतिको रहेको छ। हाम्रा परम्परा र सास्कृतिलाई संरक्षण गर्ने तथा यस्लाई आजको विश्व बजारमा प्रचार प्रसार गरेर हामीलाई विदेशी पर्यटकहरलाई नेपाल ल्याउन र उनीहरुलाई केही दिन वा महिना नेपालमा प्राकृतिक दृश्यालोकन संगै हाम्रो विविध प्रकारका सांस्कृतिमा रमाउने वातावरण गरौं भने मात्र देश विकासका लागि आवश्यक पर्ने आय आर्जन हुन सक्ने प्रसस्तै संभावनाहरु छन्।

# मन्दिर एक, स्वरुप अनेक

**राधा चालिसे**

आज कात्तिक औँसी अर्थात् सुखरात्री। यस दिन हिन्दुहरूले विशेष हर्सोल्लासका साथ घरघरमा महालक्ष्मीको आह्वान गरी पूर्ण भक्तिभावका साथ पूजा अर्चना गर्ने गर्छन्। समृद्धि, वैभव र सम्पन्नताको कामनासहित पूर्ण समर्पण भावले महालक्ष्मीको पूजा आरधाना गर्ने गरिन्छ। यसै दिन ललितपुर थसिखेल स्थित महालक्ष्मी मन्दिरमा पनि विशेष पूजाआजाका लागि भिड लाग्ने गर्छ। यस मन्दिरको विशेषता नै विशेष किसिमको रहेको छ। दसैँको नवरात्रमा महाकाली र विश्वकर्मा बाबाको रूपमा पुजिने यस मन्दिरमा तिहारका औँसीका दिनमा भने महालक्ष्मीको स्वरूपमा देवीको विशेष पूजा अर्चना गरिन्छ। यस दिन बिहान २ बजेदेखि मध्यरातसम्म नै यहाँ उत्तिकै भिड लाग्ने गर्छ। यसबाहेक भाद्र शुक्ल सप्तमीका दिनबाट आराधना गरिने १६ दिने महालक्ष्मीको व्रत पूजामा पनि यहाँ विशेष भिड लाग्ने गरेको छ। दसैँमा महाकालीको र असोजमा विश्वकर्माका रूपमा पूजा गर्दा भने बली दिने चलन भए पनि तिहारको पूजामा भने निकै सात्विक भावले गर्ने गरिन्छ। कुनै बली दिइँदैन । त्यस्तै, चैतको रामनवमीका दिन महालक्ष्मीको खट जात्रा मनाउने गरिन्छ । यो जात्रा मनाउनुभन्दा चार दिनअघि नै ललितपुरको थति टोलका पोडे समाजको गुठीमा रहेको श्री महालक्ष्मीलगायत १२ पीठका प्रतीक स्वरूप १२ वटा मुकुण्डो र सिघिँनी/बाघिनीका दुई वटा काठका मुकुण्डो कउयागुननी टोलका महर्जनलाई लिई आकृति बनाउन चित्रकारकोमा पठाउने गरिन्छ। रामनवमीको दिन विशेष किसिमले सिँगारिएको गणसहित महालक्ष्मीको ती मुकुट खटमा राखी पिम्बहालका बज्राचार्यद्वारा विशेष पूजापाठ गराइन्छ । सोही अवसरमा अमात्यहरूबाट विशेष भोजभतेरसमेत आयोजना गरी सबै समुदायका मानिस सहभागी भई भोज खाएपछि खट जात्रा सुरु गर्ने गरिन्छ । उक्त खटलाई सहरका विभिन्न भागमा घुमाउने प्रत्येक सहरवासीको घरदैलोमा पुऱ्याउने परम्परा छ । यो परम्पराले सामाजिक सहअतित्वलाई कायम राख्दै आएको छ। यस मन्दिरमा हिन्दु धर्मावलम्बीको मात्र होइन बौद्ध धर्मावलम्बीको पनि उत्तिकै आस्था र विश्वास रहँदै आएको छ । त्यसैले यहीँबाट द्विपङ्कर जात्रा सुरु गरिन्छ। करिब २४७ वर्षअघिदेखि रोकिएको यो जात्रा २०६७ सालदेखि भने निरन्तर सञ्चालनमा रहेको व्यवस्थापन समितिले जनाएको छ। यो जात्रा असोज शुक्लपूर्णिमा, आस्विनी नक्षत्र, कृष्ण योग, आदित्यबार र सङ्क्रान्ति जस्ता पाँच महायोग एकै दिन परेपछि यो जात्रा पुनः मनाउन थालिएको हो । यो जात्रा सञ्चालनमा ललितपुरको हिरण्यवर्ण महाविहारको प्रमुख संलग्नता रहने गर्छ । यसबाट यो मन्दिर हिन्दु र बौद्ध धर्मावलम्बीबिचको धार्मिक सहिष्णुताको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ। त्यस्तै यहाँ प्रत्येक १२ वर्षमा गोर्खास्थित मनकामनाबाट पूजा सामग्री ल्याउने प्रचलनसमेत रहेको व्यवस्थापन समितिले जनाएको छ । प्यागोडा शैलीको डाचीअप्पा प्रयोग भई बनेको यस मन्दिर स्थापनाको सम्बन्धमा विभिन्न मत रहेको पाइन्छ। इतिहासविद् प्राज्ञ डा. जगमान गुरुङका अनुसार गुणकामदेवको पालामा यो मन्दिर स्थापना भएको अनुमान गरिन्छ। राजा गुणकामदेवको समयमा कान्तिपुर (काठमाडौँ) खड्गआकार, भक्तपुर र ललितपुर स्वस्तिक आकारमा निर्माण भएको थियो। पुल्चोकदेखि त्यागल र कुम्भेश्वरदेखि लगनखेलसम्म विकास गरेर स्वस्तिक आकार दिएको विभिन्न अध्ययनले देखाएको गुरुङको भनाइ छ। तत्कालीन समयमा सहरवासीको रक्षाका लागि सहरको बाहिरी भागमा अष्टमात्रिका (ब्रह्मायणी, महेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्रायणी, चामुण्डा र महालक्ष्मी) र भित्री वृत्तमा दस महाविद्या (काली, तारा, त्रिपुरासुन्दरी, धूमावती, बङ्गलामुखी मातङगी र कमला) को स्थापना गरेको पाइन्छ । यसै क्रममा थसिखेलमा महालक्ष्मीको मन्दिर स्थापना भएको अनुमान गर्न सकिने गुरुङ भनाइ छ । लिच्छविकालीन शासक राजामानदेवको समयकालमा नै यो मन्दिर निर्माण भएको अनुमान पनि एकथरीले गरेका छन् । संस्कृतिविद् सत्यमोहन जोशीले जीवित हुँदा मल्लकालमा उपत्यकाको रक्षाका लागि शक्तिस्वरूपमा देवी स्थापना गर्ने क्रममा ललितपुरको पूर्वमा बालकुमारी, दक्षिणमा महालक्ष्मी, पश्चिममा विष्णुदेवी र उत्तरमा चमुण्डादेवीको स्थापना गरिएको भन्ने सुन्दै आएको बताउनुहुन्थ्यो । प्राध्यापक जनकलाल वैद्यले लेख्नुभएको पुस्तक खेलु इतामा भने महालक्ष्मी मन्दिरको स्थापना करिब ३२२ वर्षपहिला मल्लकालमा भएको अनुमान गर्न सकिने उल्लेख छ। मन्दिर परिसरमा भेटिएको शिलालेख अनुसार यो मन्दिरको स्वरूप १७३२ मा भएको र १७५७ मा पाटनका राजा योग नरेन्द्र मल्लको आज्ञाले मन्दिरमा सुनको गजुर बनाएको उल्लेख भएको महालक्ष्मी व्यवस्थापन समितिद्वारा प्रकाशित महालक्ष्मी दर्पणमा उल्लेख छ। मन्दिरका टुँडाललाई नियाल्द यो मन्दिर त्यति बेलाका अन्य मन्दिर जस्तै तान्त्रिक विधिबाट निर्माण भएको मानिन्छ । महालक्ष्मी व्यवस्थापन समितिका पूर्वअध्यक्षसमेत रहेका आत्मराम कोइलाराका अनुसार उपत्यकाभित्रका अष्टमहालक्ष्मीमध्ये यो पनि प्रमुख महालक्ष्मी मन्दिर मानिन्छ । यसबाहेक भक्तपुर, पनौती, लुभु, टङ्गाल मच्छिन्द्रबहाल, थानकोट, बोडे, साँखुमा महालक्ष्मीका मन्दिर स्थापना भएका छन् । थसिखेलमा रहेको यस मन्दिरमा कुनै आकृति कुँदिएको मूर्ति भने छैन। चुचो परेको ढुङ्गाको स्वरूपलाई नै माता महाकाल, महालक्ष्मी र विश्वकर्मा बाबाको नामले पूजा गरिँदै आएको छ । यद्यपि, विशेष चाडपर्वको समय र हरेक शुक्रबार साँझ हुने आरतीको समयमा भने चाँदीबाट बनेको मूर्तिलाई प्रतिस्थापित गरेर विशेष गरगहनाले सजाएर पूजाआजा गर्ने गरिएको छ। तीनतले मन्दिरको द्वार र टुँडाल निकै आकर्षक रूपमा निर्माण भएको देखिन्छ। पछिल्ला केही दशयता भने मन्दिर परिसरमा अन्य विभिन्न देवदेवी मूर्ति र ससाना मन्दिर बन्ने क्रम पनि बढेको देखिन्छ। करिब ११ रोपनी, ९ आना २ पैसा क्षेत्रफल रहेको मन्दिरको परिसरलाई सुव्यवस्थित र आकर्षक बनाउने काम मन्दिर व्यवस्थापन समितिले गर्दै आएको अध्यक्ष पुरुषोत्तम ढुङ्गानाको भनाइ छ । व्यवस्थापन समितिका अनुसार मन्दिरको पूर्व र दक्षिण भागमा रहेको पाटी र सत्तललाई पनि जीर्णोद्धार गराएर विभिन्न धार्मिक सांस्कृतिक कार्यका लागि प्रयोग गर्न सकिने छ । मन्दिरको घेरवारका लागि बलिया पर्खाल बनाइएको छ। मन्दिरको भित्री भागमा जथाभावी टाँसिएका टायल विस्थापित गरेर चाँदीको पाताले मोर्ने र माता महालक्ष्मीको स्वर्ण मूर्ति बनाउने अभियानमा दातासँग सरसहयोग र चन्दा सङ्कलनको काम भइरहेको अध्यक्ष ढुङ्गानाको भनाइ छ। स्थानीय तहको गठन भएसँगै यस मन्दिरको विकास निर्माणको काम पनि विशेष प्राथमिकतामा पर्दै आएको छ । यो मन्दिर ललितपुर महानगरपालिका वडा नं ५ को सानका रूपमा रहेकाले यसको ख्यातिलाई देशविदेशसम्म फैलाउनका लागि विशेष गुरुयोजनाको साथमा काम अगाडि बढाइरहेको अध्यक्ष ढुङ्गानाले बताउनुभयो ।

*–गोरखापत्र*



राधा चालिसे

दसैँको नवरात्रीदेखि नै मन्दिरलाई मन्दिरको विशेष रूपमा सजाएर झिलिमिली बनाइएको छ। ललितपुरको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानदेखि यस मन्दिरसम्म नै झिलिमिली बत्तीको सजावटले साँझको समय मनमोहक देखिन्छ। यस क्षेत्रको वातावरण उल्लासमय बनाइएको छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# खाद्यले बाँकेमा ४० हजार क्विन्टल धान खरिद गर्ने

■ नमस्ते समचारदाता
बाँके, कार्तिक/१९



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जले यस वर्ष किसानसँग ४० हजार क्विन्टल धान खरिद गर्ने भएको छ । यस वर्ष कम्पनीले बाँकेका किसानहरुसँग ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिइएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्ज कार्यालयका मुख्य शाखा प्रमुख रामशरण लामिछानेले जानकारी दिनुभयो । "यस वर्ष हामीले बाँकेका किसानसँग ३० हजार क्विन्टल मोटा धान र १० हजार क्विन्टल मध्यम गरी ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य राखेका छौं ।" मुख्य शाखा प्रमुख लामिछानेले भन्नुभयो, "मोटा धानको तीन हजार ४१० रुपियाँ ५१ पैसा र मध्यम धानको तीन हजार ५८० रुपियाँ ६२ पैसा सरकारले तोकिदिएको न्यूनतम समर्थन मूल्यमा किसानसँग धान खरिद गर्ने तयारी गरेका छौं ।" गतवर्ष लक्ष्य लिइएको भन्दा निकै कम मात्रामा धान खरिद भएको उहाँले जानकारी दिनुभयो । "गत साल हामीले ५१ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएका थियौं, तर लक्ष्यभन्दा निकै कम जम्मा आठ हजार क्विन्टल मात्र धान खरिद गर्न सक्यौं," लामिछानेले भन्नुभयो, "गत वर्ष सरकारले तोकेको मूल्यभन्दा बजारमा किसानहरुले धेरै मूल्य पाए र बजारका गल्ला व्यापारी र मिलहरुमा लगेर बिक्री गरे, हामीले न्यून मात्रामा खरिद गर्न सक्यौं ।" गत वर्षभन्दा यस वर्ष सरकारले न्यूनतम समर्थन मूल्य पनि बढाएको र धान खरिद पनि अगाडिबाट नै सुरु गरिएको हुँदा लक्ष्य पूरा गर्न सकिने आशा गरिएको उहाँको भनाइ छ । "गत वर्षभन्दा यस वर्ष सरकारले पनि न्यूनतम समर्थन मूल्यमा वृद्धि गरेको छ, गत वर्षभन्दा यस वर्ष धान खरिद पनि छिटो सुरु गरेका छौं, त्यसकारण यस वर्ष लक्ष्यमा पुगिन्छ भन्ने आशा गरेका छौं," लामिछानेले भन्नुभयो, "गत वर्ष मङ्सिर ६ गतेबाट धान खरिद सुरु गरेका थियौं, यस वर्ष भने १५ दिन अगावै कार्तिक २० गतेदेखि नै सुरु गर्न थालेका छौं ।" खाद्यमा धानको क्वालिटी लगायतको मापदण्ड, स्थानीय तहको सिफारिसलगायतका प्रक्रिया हुने भएर पनि धेरै किसानहरु सोभै बजारका व्यापारी र मिलहरुमा पुग्ने गरेको र सरकारको भन्दा बजारमा मूल्य पनि बढी पाउँदा उतै आकर्षित हुने गरेको पनि उहाँले बताउनुभयो । "हामीले काँटा लगाएर खरिद गर्नु अगाडि बजारका व्यापारीहरुले आफ्नो मूल्यमा सस्तोमा धान खरिद गर्ने गर्छन्, जब हामीले काँटा लगाएर खरिद सुरु गर्छौं, उनीहरुले हाम्रोभन्दा बढी मूल्य किसानलाई दिन्छन् र किसान उतै जान्छन् । किसानले राम्रो मूल्य पाउनु खुसीकै कुरा हो, यसले हाम्रो लक्ष्य पूरा नभए पनि उनीहरु सन्तुष्ट हुन्छन्, यसैकारण यस वर्ष लक्ष्य पनि घटाइएको हो," उहाँले भन्नुभयो । कात्तिक २० गते मङ्गलबारबाट धान खरिद सुरु गरिने कार्यालयले जनाएको छ । कार्यालयका अनुसार कम्पनीको कारकाँदोस्थित कार्यालय परिसर र साबिकको नेशनल ट्रेडिङ लिमिटेडमा खरिद केन्द्र राखेर किसानहरुसँग धान खरिद गर्न लागिएको हो । धान बिक्री गर्न ल्याउँदा किसानले आफ्नो सम्बन्धित स्थानीय तहको वडा कार्यालयबाट सिफारिसपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने कार्यालयले जनाएको छ ।

# तीन दिनपछि हुम्लामा हवाई उडान सुरु

■ नमस्ते समचारदाता
हुम्ला, कार्तिक/१९



हुम्लाको सिमकोट विमानस्थलमा तीन दिनपछि हवाई उडान पुनः सुरु भएको छ । मौसम सफा भए पनि लक्ष्मीपूजाको दिनदेखि हवाई उडान हुन सकेको थिएन । नेपालगञ्जदेखि उडान भर्दै आएका निजी र सरकारी स्वामित्वमा रहेको नेपाल एयर लाइन्सको उडान तालिका नभएका कारण सोमबार मात्रै उडान सञ्चालन गरेको सिमकोट विमानस्थल कार्यालयले जानकारी दिएको छ । सोमबार नेपालगञ्जदेखि सिमकोटका लागि तारा एयर र नेपाल एयर लाइन्सले उडान भरेका हुन् । आज नेपालगञ्जदेखि तारा र नेपाल एयरलाइन्सले एक-एक पटक उडान भरेको विमानस्थलले जानकारी दिएको छ । दुवै एयरलाइन्सले नेपालगञ्जदेखि यात्रुसँगै दैनिक उपभोग्य सामग्री र अन्य सामान ढुवानी गरेका थिए । अन्य सीता र समिट एयरले तीन दिनदेखि उडान भर्न नसकेको छैनन् । नेपालगञ्जदेखि उडान भर्दै आएका जहाजले आफ्नो तालिकाअनुसार हुम्लामा उडान भर्दै आएका छन् । मङ्गलबारका लागि नेपालगञ्जदेखि नेपाल एयरलाइन्सले आफ्नो उडान तालिकाअनुसार उडान भर्ने भएको छ । नेपालीको महान् पर्व दसैं, तिहार सकिएसँगै सिमकोटबाट जिल्लाबाहिर जाने यात्रुको चाप विस्तारै बढ्दै गएको छ । यो समयमा नेपालगञ्ज र सुर्खेतबाट हुम्ला आउने यात्रुको चाप त्यति धेरै नभए पनि हुम्लादेखि जिल्ला बाहिर जाने यात्रुको चाप भने उत्तिकै रहेको बताइएको छ । सीता एयर र समिट एयरले भने आज उडान नभरेको सिमकोट विमानस्थल कार्यालयले जनाएको छ ।

## काँग्रेस...

श्रोतले यो पनि खुलासा गरेको भनिएको छ कि सहकारी खोल्न र सहकारीबाट उठाइएको रकम कसरी हिनामिना गर्ने भन्ने विषयमा ठूला दलहरु विशेष गरेर काँग्रेस एमाले कै कयौं नेताहरु संलग्न रहेर गरेको र सहकारीको हिनामिना भएको भनिएको रकममा आधा भन्दा बढी रकम त नेताहरुले नै खाएको रहेछ । त्यति मात्र होइन, सहकारी ठगी प्रकरणमा जिबी राईबाट ठगीएका कयौ एमाले नजिकका नेताहरुले जिबी राईबाट कसैले गाडी , कसैले रकम नै , त कसैले जग्गा समेत लिइसकेको तथा जो जो व्यक्तिहरुले त्यस्तो उसुल गरिसकेका छन् ती व्यक्तिहरु कै नेतृत्वमा सहकारी पीडित संघर्ष समिति गठन गराएर सहकारी पीडितको नाममा आन्दोलन गराउन पनि सरकार नै लागिरहेको समेत खुलासा भएका घटना सुन्दा सहकारी ठगी काण्डमा पूर्वाग्रही भई काँग्रेसको दवावमा सरकारले रवी लामिछानेलाई जेल पठाउने र अरुलाई चोख्याउने प्रपञ्च गरिरहेको जस्तो देखिन्छ । यसको ज्वलन्त उदाहरण जिबी राईलाई नेपाल ल्याएर पनि फेरी भारत तिरै लुकाउन सरकार पक्ष नै किन लागिरहेको छ त ? यसबाट थुप्रै प्रश्नहरु जन्मिएका छन् ।

## देउसीभैलोबाट...

बाँकेमा पनि देउसीभैलो कार्यक्रममा देउडा खेलिनु अत्यन्तै राम्रो भएको र आउदा दिनहरुमा कर्णालीको कला संस्कृतिहरुको संरक्षणका लागि आफु संधै प्रतिवद्ध रशेको देउडा खेलाडी तथा सफल ब्यापारी चक्र मल्लले बताए। हुम्ली एकता समाज गठन गरेर यसले हुम्लाबाट बाँके आएका हुम्लीहरुलाई आइपर्ने विभिन्न समस्याहरुमा सहयोग गर्ने मल्लले बताए। जस्तैः बिरामी भई आएका हुम्लीहरुलाई आवश्यक पर्ने रगतको व्यवस्थापन गर्ने, औषधी उपचार, हुम्लाको स्थानीय लोकसांस्कृतिको बाँकेमा पनि प्रचार प्रसार गर्दै नयाँ पुस्तामा यसको संरक्षण गराउने, हुम्लामा हुने प्राकृतिक र जैविक विविधता र त्यसको महत्व बारे पहिचान गराउने तथा बजारीकरणको व्यवस्था समेत गर्ने गराउने विषयमा यो हुम्ली एकता समाजले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ। सो देउसी भैलो कार्यक्रममा प्रतिनिधी सभा सदस्य माननीय रंगमती शाही , ताँजाकोट गाउँपालिका नि. बर्तमान अध्यक्ष तथा समाज सेवी बाग्दल मल्ल , राप्तीसोनारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दान बहादुर ऐडी, लगायतको सहभागिता रहेको थियो ।

# कैलालीमा धान खरिद बिक्री शुरु

■ नमस्ते समचारदाता
कैलाली, कार्तिक/१९



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले तिहार अघिका तीन दिनमा करिब तीन हजार क्विन्टल धान गरिद गरेको छ। सरकारले गत वर्ष कैलालीमा ४० हजार क्विन्टल कोटा तोकेकोमा यसवर्ष पहिलो चरणमा ५५ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य दिएको छ। धेरै धान उत्पादन हुने क्षेत्रका किसानले राम्रो मूल्य पाउन र बाढी विपद् परेका देशका अन्य भागमा पनि आपूर्ति गर्न सहज होस् भनेर यस वर्ष पहिलो चरणमा ५५ हजार क्विन्टल खरिद गर्न लागेको र यो लक्ष्य पूरा भएपछि थप खरिद गरेर एक लाख क्विन्टलसम्म पुगाइने कम्पनीको सुदूरपश्चिम प्रादेशिक कार्यालयका निमित्त प्रमुख इन्जिला बस्नेतले जानकारी दिनुभयो। कैलालीको मोहनपुर, टीकापुर, सत्तीमा धान खरिद शुरु भएको छ । टीकापुर शाखाका प्रमुख पुष्प बजगाईका अनुसार टीकापुर र सत्तीमा तिहारअघि दुई हजार ७०० क्विन्टल धान खरिद भएको र भजनी केन्द्रमा तिहार पछि काँटा लगाउने तयारी भइरहेको जानकारी दिनुभयो । मोहनपुर केन्द्रका वरिष्ठ सहायक मुकुन्द पनेरुका अनुसार त्यहाँ तिहारअघि काँटा लगाइसकेर एक दिनमा ८० क्विन्टल धान खरिद भएको बताउनुभयो। यस्तै, कम्पनीको कञ्चनपुर शाखा कार्यालयका सूचना अधिकारी मनोज चन्दले कार्यालयमा काँटा लगाई १३० क्विन्टर जति खरिद गरेको र तिहारपछि भ्रलारी र सिसैयामा काँटा लगाएर पहिलो चरणमा १५ हजार क्विन्टल खरिद गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो । कम्पनीले मोटा धान प्रतिक्विन्टल तीन हजार ४१० रुपियाँ ५१ पैसा मूल्यमा यसै साताबाट धान खरिद शुरु गरेको छ। अघिल्ला वर्षहरुमा स-साना गोदाम रहेको खाद्य व्यवस्था कम्पनीले यस वर्ष गोदामको क्षमता बढाएको छ । यस वर्ष टीकापुरमा एक-एक हजार मेट्रिक टन क्षमताका दुई वटा नयाँ गोदाम थपेको छ। गत वर्ष मोटा धान प्रतिक्विन्टल तीन हजार १५८ रुपियाँ रहेकोमा यस वर्ष २५२ रुपियाँ ५१ पैसा बढाएर तीन हजार ४१० रुपियाँ ११ पैसा पुगेको छ। टीकापुरमा धान बेच्न आउनु भएका टीकापुर नगरपालिका-१ बनगाउँका किसान जगदीश चौधरीले यस वर्ष प्रतिबिघा ३५-४० क्विन्टल धान फलेको र भाउ पनि राम्रै पाउन लागेकोमा खुशी व्यक्त गर्नुभयो।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# एक वर्षदेखि टिनको टहरामा भूकम्पपीडित

नमस्ते समचारदाता

रुकुमपश्चिम, कार्तिक/१९



रुकुमपश्चिमको आठविसकोट नगरपालिका-१४ का हर्क पुन घरविहीन हुनभएको एक वर्ष भयो । एक हिउँद र एक बर्खा टिनको टहरामा कटाउनुभएका उहाँलाई यो वर्षको चिसो पनि टिनकै टहरामा बित्ने हो की भन्ने डर छ । गतवर्षको कात्तिक १७ गते रातिको भूकम्पले घर भत्काइदिएपछि केही दिन त्रिपालमुनि रहेको उहाँको परिवार हाल टिनको टहरामा छ । "हामीले एक वर्ष कष्टकर बितायौं । अब फेरि चिसो बढ्न थालेको छ, यो वर्षको चिसो कसरी कटाउने भन्ने पिर छ", पुनले भन्नुभयो । भूकम्प गएको केही महिना त्रिपालमुनि र त्यसयता टहरामा बसिरहेका भूकम्प प्रभावित परिवार सुरक्षित आवासको आशामा छन् । कठ्याङ्ग्रिदो चिसोमा त्रिपाल, गर्मीमा टिनको टहरामा बस्न बाध्य यहाँका भूकम्पपीडितले अझै सुरक्षित आवास पाउन सकेका छैनन् ।

"हामीले सरकारबाट समयमै घर निर्माणका लागि सहयोग पाउन सकेनौँ । हाम्रा बालबालिका र बुढापाकालाई कसरी बचाउने भन्ने पिर छ । गतवर्षभैँ यो वर्ष पनि कतिले चिसोको कारण ज्यान गुमाउने हुन्", सानीभेरी गाउँपालिका-४ का हीरालाल परियारले भन्नुभयो । एक वर्षमा पनि सरकारले पुनःनिर्माण कार्यविधि ल्याउन सकेको छैन । भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० तयार गरेर टहरा निर्माणका लागि तत्कालै प्रतिपरिवार ५० हजार अनुदान व्यवस्था गर्ने जनाएको थियो । तर उक्त रकम पूरा नदिएको भूकम्पपीडितको गुनासो छ । तत्काल त्रिपाल र त्यसपछि अस्थायी आवासको प्रबन्ध भए पनि पुनःनिर्माण हुन नसकेको सानीभेरी गाउँपालिका -४ का वडा अध्यक्ष मनोज बुढाथोकीले बताउनुभयो । सङ्घीय सरकारले पुनःनिर्माणका लागि कार्यविधि ल्याउन नसकेकाले भूकम्पपीडितको आवास निर्माण ढिलाइ भएको उहाँको भनाइ छ । राष्ट्रियसभा अन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले भूकम्प प्रभावित क्षेत्रको अवस्थाबारे स्थलगत अध्ययन गरेको थियो । समितिको अध्ययन प्रतिवेदनमा भूकम्प प्रभावितको पुनःनिर्माण र पुनःस्थापना यथाशक्य चाँडो पूरा गर्न सरकारलाई सुझाव दिइएको छ । जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार जिल्लाभर ३४ हजार नौ सय ८९ लाभग्राही छन् भने ३२ हजार नौ सय ९६ घरधुरीले अस्थायी टहरा निर्माणको पहिलो किस्ता प्राप्त गरेका छन् । दुई हजार दुई जनाले पहिलो किस्ताकै रकम पाएका छैनन् । १६ हजार परिवारका लागि दोस्रो किस्ता निकासा भइसकेको छ ।

# बाँकेमा १५ सय लागूऔषध प्रयोगकर्ता महिला

नमस्ते समचारदाता

बाँके, कार्तिक/१९



भारतीय सीमासँग जोडिएको बाँकेमा करिब १० हजार लागूऔषध प्रयोगकर्ता रहेको लागूऔषध उपचार तथा पुनःस्थापना केन्द्र महासङ्घले जनाएको छ । लागूऔषध उपचार तथा पुनःस्थापना केन्द्र महासङ्घका संयोजक रमेशकाजी महर्जनका अनुसार बाँके जिल्लामा लागूऔषध प्रयोगकर्ता र कारोबार गर्नेको संख्या दिन प्रतिदिन बढ्दै जाँदा न्यूनीकरण कार्य चुनौतीपूर्ण बन्दै गएको छ । उनले जिल्लामा हाल करिब १० हजार लागूऔषध प्रयोगकर्ता रहेको जनाउँदै तीमध्ये एक हजार पाँच सय जति महिला प्रयोगकर्ता रहेको अनुमान गरिएको बताए । जिल्लामा लागूऔषध न्यूनीकरणका लागि २० वटा पुनःस्थापना केन्द्र स्थापना गरिएका छन् भने तीमध्ये दुई महिला पुनःस्थापना केन्द्र छन् । लागूऔषध विरुद्धका अभियन्ता अभिराज क्षेत्रीले पछिल्लोपटक लागूपदार्थ प्रयोगको स्वरुप समेत परिवर्तन भएकोले अवस्था थप चुनौतीपूर्ण बन्दै गएको बताए । विगतमा धुवाँका रूपमा प्रयोग हुने ब्राउनसुगर अहिले तरल बनाएर सुईको माध्यमबाट प्रयोग हुने गरेको पाइएको क्षेत्रीले जानकारी गराए । जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार लागूऔषध नियन्त्रणका लागि जिल्लामा विभिन्न अभियान सञ्चालन हुँदै आएको .छ । कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा जिल्ला प्रहरी कार्यालयमा लागूऔषधका १७७ मुद्दा दर्ता भएका थिए । लागूऔषधमा संलग्न २६४ लाई पक्राउ गरी ९२५ ग्राम ब्राउनसुगर नियन्त्रणमा लिइएको थियो । बाँकेका प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले लागूऔषध नियन्त्रणका लागि सीमापार भारतीय सुरक्षा निकायसँग समन्वय गर्नेदेखि गाउ-गाउँमा चेतनामूलक कार्यक्रमलाई अघि बढाइएको बताए ।

# विषाक्त खानाले एकै परिवारका ५ जना बिरामी, एकको मृत्यु




नमस्ते समचारदाता

नेपालगन्ज, कार्तिक/१९

बाँकेको खजुरा गाउँपालिका-५ मा विषाक्त खाना अर्थात् फूड प्वाइजनका कारण एकै परिवारका ५ जना बिरामी परेका छन् भने एक जनाको मृत्यु भएको छ । फूड प्वाइजनका कारण खजुरा गाउँपालिका-५ बसन्तपुरका एकै घरका ६ जना बिरामी परेको र बिरामी मध्ये घरमुली ६५ वर्षीय केशवराम अहिरकोको मृत्यु भएको खजुरा गाउँपालिका स्वास्थ्य शाखाका हेल्थ असिस्टेन्ट सुशील थापामगरले जानकारी दिइन् । थापाका अनुसार फूड प्वाइजनका कारण घरमुली ६५ वर्षीय केशवराम अहिरको मृत्यु भएको हो । उनका अनुसार मृतककी ५५ वर्षीया श्रीमती चौरासिया यादव, ३६ वर्षीय छोरा भुवनदु यादव, ३५ वर्षीया बुहारी मीना यादव, १४ वर्षीय नाति जसमान यादव र ६ वर्षीय नाति अमृत यादव बिरामी भएका छन् । विरामी सबै जनाको भेरी अस्पतालमा उपचार भइरहेको छ । आइतवार राती उनीहरु सबैले घरमा पिँडालुको तरकारी, साग तथा पुरी खाएको र रातिदेखि नै सबैलाई झाडाबान्ता भएको थियो । सोमबार बिहान ८ बजे मात्र उपचारका लागि स्वास्थ्य संस्था ल्याउँदै गर्दा बाटोमै अहिरको मृत्यु भएको थापामगरले जानकारी बताइन् । थापाले भनिन्, 'हिजो बेलुका खाएको खानाबाट एकै घरका ६ जना बिरामी पर्नुभएको रहेछ, त्यो खाना खाएपछि उहाँहरुलाई झाडाबान्ता सुरु भएछ, रातभरी उपचार गर्न जानुभएनछ, आज बिहान मात्र उपचार गर्न लैजाँदै गर्दा घरमुलीको बाटोमै मृत्यु भएछ ।' 'परिवारका अन्य पाँच जनालाई आज बिहान घरमै पुगेर उपचार गरेका छौं, फूड प्वाइजन हुँदा झाडापखाला भएको र सोही कारण मृत्यु भएको हुनसक्ने आशङ्का गरेका छौं, थप उपचारका लागि भेरी अस्पताल नेपालगञ्जमा भर्ना गरिएको थापाले भनिन् ।'

"सार्वजनिक शैक्षिक गुठी"

## कोहलपुर माध्यमिक विद्यालय

**कोहलपुर-११, बाँके**

**स्थापना: २०६१**

## शिक्षक आवश्यकता सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२० गते**

प्रस्तुत विषयमा यस कोहलपुर माध्यमिक विद्यालयको मिति २०८१/०७/१४ गते बसेको गुठी संचालक समिति र वि.व्य.स.को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको आधारभुत तह (सामान्य) करार शिक्षक पद पूर्ति गर्नुपर्ने भएकोले इच्छुक शैक्षिक योग्यता पुगेका नेपाली नागरिकहरुबाट रित पूर्वक दरखास्त माग गरिएको हुदा सुचना प्रकाशित मितिले ७ दिन भित्र दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

तपशिल

**विज्ञापन नम्बर** : ००१/२०८१/०८२
**आवश्यक संस्था** : १ जना
**तह** : आधारभुत तह (सामान्य)
**किसिम** : करार
**उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
**शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण भएको ।
**तलब** : विद्यालयको नियमानुसार ।
**छनौट किसिम** : लिखित परीक्षा, अन्तरवार्ता र प्रयोगात्मक ।
**आवेदन दिने स्थान** : विद्यालय प्रशासन
**आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु** : व्यक्तिगत निवेदन, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु, नेपाली नागरिकताको प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपी र अनुभव भए अनुभवको प्रतिलिपि ।
**दस्तुर** : रु.१०००/-
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०७/२६ गते विद्यालय समय भित्र ।
**सम्पर्क मिति** : दरखास्तको अन्तिम दिन तोकिने छ ।
**थप जानकारीका लागी सम्पर्क नं.**: ९८४८५५९७३४
***नोट*** : *छनोट हुने शिक्षकले कम्प्यूटर सम्बन्धी अतिरिक्त काम गर्नुपर्नेछ ।*

प्रधानाध्यापक

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके